भीमेश्वर नगरपालिका

दोलखा जिल्ला, प्रदेश नं. ३

भीमेश्वर नगरपालिका राजपत्र

नगर कार्यपालिकाद्वारा प्रकाशित

खण्ड : १ संख्या : ५ मिति : २०७५/०१/८

भाग-१

सहकारी ऐन, २०७४

प्रस्तावनाः

सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप स्थानीयस्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वाबलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र सुशासित सङ्गठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीब्र एवम् दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी सङ्घ संस्थाहरुको दर्ता, सञ्चालन एवम् नियमन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६ बमोजिम भीमेश्वर नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

परिच्छेद –१

प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "सहकारी ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन भीमेश्वर नगरपालिकाभित्र लागु हुने छ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुने छ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, –

(क) 'आन्तरिक कार्यविधि' भन्नाले संस्थाले दफा १८ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनुपर्छ ।

(ख) 'एक तह माथि' भन्नाले शाखा प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृतको हकमा नगरपालिकाको प्रमुख र नगरपालिकाको प्रमुखको हकमा कार्यपालिका सम्झनुपर्छ ।

(ग) 'कसुर' भन्नाले दफा ७९ बमोजिमको कसुर सम्झनुपर्छ ।

(घ) 'कार्यपालिका' भन्नाले भीमेश्वर नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ङ) 'कार्यालय' भन्नाले भीमेश्वर नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(च) 'तोकिएको' वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि, मापदण्ड, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(छ) 'दर्ता गर्ने अधिकारी' भन्नाले दफा ६९ बमोजिमको दर्ता गर्ने अधिकारी सम्झनुपर्दछ ।

(ज) 'नगरपालिका' भन्नाले भीमेश्वर नगरपालिकालाई सम्झनुपर्छ ।

(झ) 'नीति' भन्नाले सम्बन्धित संस्थाको दफा १७ बमोजिम बनाएको नीति सम्झनुपर्छ ।

(ञ) 'परिवार' भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजू, भाइ, बुहारी र दिदी, बहिनी सम्झनुपर्छ।

तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेसा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(ट) 'प्रमुख' भन्नाले भीमेश्वर नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधीकृतलाई सम्झनुपर्छ ।

(ड) 'प्राथमिक पुँजी कोष' भन्नाले सेयर पुँजी र जगेडा कोष सम्झनुपर्छ ।

(ढ) 'बचत' भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ ।

(ण) 'मन्त्रालय' भन्नाले स्थानीय तह हेर्ने नेपाल सरकार र प्रदेश सरकारको मन्त्रालय सम्झनुपर्छ ।

(त) 'मुख्य कारोबार' भन्नाले संस्थाले सञ्चालन गरेको व्यावसायिक क्रियाकलापहरुमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोबारमा कम्तीमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोवार सम्झनुपर्छ ।

(थ) 'लेखा सुपरीवेक्षण समिति' भन्नाले दफा ३७ बमोजिमको लेखा सुपरीवेक्षण समिति सम्झनुपर्छ ।

(द) 'विनियम' भन्नाले यस ऐनबमोजिम प्रमाणित भएको सम्बन्धित संस्थाको विनियम सम्झनुपर्छ । र शब्दले यस ऐनबमोजिम संशोधित विनियमसमेतलाई जनाउने छ ।

(ध) 'संस्था' भन्नाले दफा ३ बमोजिम गठन भई दफा ६ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी सङ्घ/संस्था सम्झनुपर्छ ।

(न) 'संस्थाको व्यवसाय' भन्नाले विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनुपर्छ ।

(प) 'सञ्चालक' भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, स–सचिब र कोषाध्यक्ष समेतलाई जनाउँछ ।

(फ) 'सदस्य' भन्नाले संस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनुपर्छ।

(ब) 'समिति' भन्नाले दफा ३० को उपदफा (१) बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ ।

(भ) 'सहकारी मूल्य मान्यता' भन्नाले स्वावलम्वन, स्व–उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनुपर्छ ।

(म) 'सहकारी शाखा' भन्नाले कार्यालको सहकारी क्षेत्र हेर्ने शाखा सम्झनुपर्छ।

(य) 'सहकारी सिद्धान्त' भन्नाले स्वैच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागीता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी–सहकारीबीच पारस्परिक सहयोग र समुदायप्रतिको चासो लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनुपर्छ ।

(र) 'साधारण सभा' भन्नाले संस्थाको साधारण सभा सम्झनुपर्छ ।

(ल) 'सेयर' भन्नाले संस्थाको सेयर पुँजीको अंश सम्झनुपर्छ ।

परिच्छेद–२

सहकारी संस्थाको गठन तथा दर्ता

३. **संस्थाको गठन :** (१) कम्तीमा तीस जना नेपाली नागरिकहरू आपसमा मिली विषयगत वा बहुउद्देश्यीय संस्था गठन गर्नसक्ने छन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि श्रमिक, युवा लगायतले आफ्नो श्रम वा सिपमा आधारित भई व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्र जना नेपाली नागरिकहरू भए पनि संस्था गठन गर्नसक्ने छन् ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सङ्घ, प्रदेश, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा सञ्चालित विद्यालय, विश्वविद्यालय वा सङ्गठित संस्थाबाट पारिश्रमिक पाउने पदमा बहाल रहेका कम्तीमा एकसय जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरूले आपसमा मिली प्रचलित कानुनबमोजिम दर्ता भएको आफ्नो पेसागत सङ्गठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका सर्त बन्देजहरू पालना गर्ने गरी संस्था गठन गर्न सक्ने छन् ।

तर एकसय जनाभन्दा कम सङ्ख्या रहेको एउटै कार्यालयका कम्तीमा तीस जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरूले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका सर्त बन्देजहरू पालना गर्ने गरी संस्था गठन गर्न सक्ने छन् ।

(४) उपदफा (१) र (२) बमोजिम संस्था गठन गर्दा उल्लिखित सङ्ख्या एक परिवार एक सदस्यका दरले पुगेको हुनुपर्ने छ ।

तर संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्ने छैन ।

४. **दर्ता नगरी सस्था सञ्चालन गर्न नहुने :** (१) यस ऐनबमोजिम दर्ता नगरी सहकारी स्थापना तथा सञ्चालन गर्न पाइने छैन।

(२) संस्था दर्ताका लागि दफा (३) बमोजिमका नागरिकहरूले प्रारम्भिक भेला गरी संस्था दर्ता सम्बन्धमा छलफल एवम् निर्णय गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिमको प्रारम्भिक भेलाले बढीमा नौ जनासम्म सञ्चालक रहेको एक तदर्थ सञ्चालक समिति गठन गर्नुपर्ने छ ।

(४) उपदफा (३) बमोजिमको समितिले प्रस्तावित संस्थाको दफा (५) बमोजिमका कागजात र विवरणहरू तयार गर्नुपर्ने छ ।

(५) उपदफा (३) बमोजिमको समितिले तयार गरेको उपदफा (४) बमोजिमका कागजात र विवरणहरू दफा (३) बमोजिमको नागरिकहरूको दोस्रो भेला आयोजना गरी अनुमोदन गराउनुपर्ने छ ।

५. **दर्ताको लागि दरखास्त दिनुपर्ने :** (१) यस ऐनबमोजिम गठन भएका संस्थाले दर्ताका लागि दर्ता गर्ने अधिकारी समक्ष अनुसूची–१ को ढाँचामा दरखास्त दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमका दरखास्त साथ देहायबमोजिमका कागजात र विवरणहरू संलग्न गर्नुपर्ने छ :–

(क) प्रस्तावित संस्थाको विनियम,

(ख) संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) संस्था गठन गर्ने सम्बन्धी प्रारम्भिक भेला र दोस्रो भेलाको निर्णयको प्रमाणित छाया प्रति,

(घ) सदस्यले लिन स्वीकार गरेको सेयर सङ्ख्या र सेयर रकमको विवरण,

(ङ) संस्था गठनमा संलग्न नागरिकहरूको नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित छाया प्रति,

(च) प्रस्तावित संस्थाको तदर्थ समितिको विवरण, तदर्थ समितिको सञ्चालकको तीनपुस्ते विवरण र तदर्थ समितिको निर्णय,

(छ) प्रस्तावित संस्थाको दर्ता सम्बन्धी कार्य गर्ने अख्तियारी,

(ज) तोकिए बमोजिमको अन्य कागजात र विवरण ।

६. **दर्ता गर्नुपर्ने :** (१) दफा ५ को उपदफा (१) बमोजिम प्राप्त दरखास्तसहितका कागजातहरु छानविन गर्दा देहायबमोजिम भएको पाइएमा दर्ता गर्ने अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो संस्था दर्ता गरी अनुसूची–२ को ढाँचामा दर्ता प्रमाणपत्र दिनुपर्ने छ :–

(क) दरखास्त साथ पेस भएको विनियम यो ऐन तथा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम रहेको,

(ख) प्रस्तावित संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्तअनुरुप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग) संस्था समुदायमा आधारित एवम् सदस्य केन्द्रित भई सञ्चालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा प्रस्तावित संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नु पर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना दिनुपर्ने छ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानुनबमोजिम दर्ता ठेगाना नगरपालिका भई स्थापना र सञ्चालन भएका र नगरपालिकामा कार्य क्षेत्र विस्तार गरी सञ्चालनमा रहेका संस्था यसै ऐनबमोजिम दर्ता भएको र कार्य क्षेत्र विस्तार भएको मानिने छ ।

(४) यस दफा बमोजिम संस्था दर्ता गर्दा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाले पालना गर्नुपर्ने गरी कुनै सर्त तोक्न सक्ने छ ।

(५) उपदफा (४) बमोजिम सर्त तोकिएकोमा सोको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुने छ।

७. **दर्ता गर्न अस्वीकार गर्नसक्ने :** (१) दफा ६ को उपदफा (१) मा उल्लिखित अवस्था नभएमा, सोही दफाको उपदफा (२) बमोजिम विनियम संशोधनका लागि सूचना दिएको अबधिभित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा वा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र विनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भएबमोजिम हुने गरी विनियम संशोधन नगरेमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्था दर्ता गर्न अस्वीकार गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेकामा दर्ता गर्ने अधिकारीले सोको जानकारी तीन दिनभित्र कारण खुलाई सम्बन्धित निवेदकहरूलाई दिनुपर्ने छ ।

८. **संस्था संगठित संस्था हुने :** (१) संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुने छ ।

(२) संस्थाको काम कारबाहीका लागि एउटा छुट्टै छाप हुने छ ।

(३) संस्थाले यस ऐन र विनियमको अधिनमा रही व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त, उपभोग, बिक्री वा अन्य व्यवस्था गर्नसक्ने छ।

(४) संस्थाले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न र सोउपर पनि सोही नाममा नालिस उजुर लाग्न सक्ने छ।

(५) सहकारी संस्थाले व्यक्तिसरह करार गर्नसक्ने छ ।

९. **संस्थाको कार्यक्षेत्र :** (१) दर्ता हुँदाका बखत संस्थाको कार्य क्षेत्र देहायबमोजिम हुने छः

(क) बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाको हकमा एक वडा,

(ख) अन्य संस्थाको हकमा एक वडा वा देहायका आधारमा तीन वडासम्म ।

(१) सदस्यहरुबीच स्वावालम्बनको पारस्पारिक अभ्यासका लागि आपसी साझा बन्धन (कमन बण्ड),

(२) व्यावसायिक स्तरमा सेवा सञ्चालन गर्न आवश्यक सदस्य सङ्ख्या,

(३) संस्था सञ्चालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि संस्थाले दर्ता भई व्यावसायिक सेवा प्रारम्भ गरेको दुई वर्षपछि देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र थप वडाहरूमा विस्तार गर्न सक्ने छ ।

(क) संस्थाको व्यवसायिक क्रियाकलापको विकास क्रममा सदस्यता बढाउन थप कार्य क्षेत्र आवश्यक परेको,

(ख) संस्थाको कार्य सञ्चालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरू अवलम्बन गरिएको,

(ग) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको हकमा तोकिएबमोजिम भएको ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि संस्थाको कार्यक्षेत्रका वडाहरूमा व्यावसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपातभन्दा कम रकम वा अनुपातको व्यावसायिक सेवा सञ्चालन भएको देखिएको खण्डमा दर्ता गर्ने अधिकारीले व्यावसायिक सेवा सञ्चालन भएका वडा मात्र कार्यक्षेत्र कायम गर्ने गरी विनियम संशोधन गर्न निर्देशन दिन सक्ने छ ।

(४) उपदफा (३) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएकोमा संस्थाले एक वर्षभित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनर्निर्धारण गर्नुपर्ने छ ।

(५) कार्यक्षेत्र पुनर्निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।

१०. **प्रतिवेदन दिनुपर्ने :** दर्ता ठेगाना नगरपालिका भई सञ्चालन भएका र नगरपालिकामा कार्यक्षेत्र विस्तार गरी सञ्चालनमा रहेका संस्थाले आफूले सञ्चालन गरेको सेवा सम्बन्धी विवरण सहितको प्रतिवेदन र दर्ता गर्ने अधिकारीले माग गरेको बिबरण दर्ता गर्ने अधिकारीलाई दिनुपर्ने छ ।

११. **विषयगत आधारमा वर्गीकरण :** (१) संस्थाको वर्गीकरण देहायबमोजिम हुने छः

(क) **उत्पादक संस्था :** कृषि, दुग्ध, चिया, कफी, उखु, फलफूल र माछापालन विशेषका विषयगत र उत्पादनको योजनासमेतका आधारमा अन्य उत्पादनमूलक संस्था;

(ख) **उपभोक्ता संस्था :** उपभोक्ता, भण्डारण, ऊर्जा र स्वास्थ्य विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम् सेवाको योजनासमेतका आधारमा अन्य उपभोगजन्य संस्था;

(ग) **श्रमिक संस्था :** हस्तकला, खाद्य परिकार, औद्योगिक उत्पादन, भोजनालय र श्रम करार विशेषका विषयगत र सिप वा श्रमको विशेषता एवम् स्वरोजगारीको योजनासमेतका आधारमा अन्य श्रममा आधारित संस्था;

(घ) **बचत तथा ऋण संस्था :** सदस्यहरूको बचत लिने र सदस्यहरूलाई ऋण लगानी गर्ने सम्बन्धी सेवा सञ्चालन गर्ने उद्देश्य भएको संस्था ।

(ङ) **बहुउद्देश्यीय संस्था :** उत्पादन, उपभोग र श्रम वा सिपमा आधारित स्वरोजगारीका सेवा समेत सञ्चालन गर्ने दुई वा सोभन्दा बढी विषयगत आधार सम्बन्धी उद्देश्य भएको संस्था ।

(२) उपदफा (१) को खण्ड (क), (ख, (ग)) र (घ) मा उल्लेखित विषयगत संस्था बाहेकक विशिष्टीकरण, आम प्रचलन र अभ्यासको विकासक्रम समेतको आधारमा अन्य संस्थाहरु गठन गर्ने सक्ने सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने छ ।

१२. **कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने :** (१) दफा (६) बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरेपछि संस्थाले आफ्नो उद्देश्य प्राप्तिका लागि यस ऐन, यस ऐनबमोजिम बनेको नियम र संस्थाको विनियमको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नसक्ने छ ।

(२) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि संस्थाले उपदफा (१) बमोजिम कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन ।

तर त्यस्तो कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानुनबमोजिम अनुमति, स्वीकृति वा इजाजत लिनुपर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नुपर्ने छ।

(३) उपदफा (२) बमोजिम संस्थाले प्रचलित कानुनबमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीबाट अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सोको जानकारी दर्ता गर्ने अधिकारीलाई दिनुपर्ने छ ।

(४) दुई वा दुईभन्दा बढी संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणका लागि यस ऐनको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नसक्ने छन् ।

(५) उपदफा (४) बमोजिमको कारोवबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धी अन्य व्यबस्था तोकिएबमोजिम हुने छ ।

१३. **दायित्व सीमित हुने :** (१) संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको सेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

(२) संस्थाको नाममा "सहकारी" र नामको अन्त्यमा "लिमिटेड" भन्ने शब्द राख्नुपर्ने छ ।

१४. **सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नु पर्ने :** संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीको मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नुपर्ने छ ।

परिच्छेद–३
संस्थाका उद्देश्य तथा कार्य

१५. **संस्थाको उद्देश्य :** कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्नु संस्थाको मुख्य उद्देश्य हुने छ ।

१६. **संस्थाको कार्य :** संस्थाका कार्यहरू देहायबमोजिम हुने छन्:–

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्ने गराउने,

(ख) सदस्य र आफ्नो व्यवसायको हित प्रवर्द्ध नगर्ने गरी व्यावसायिक सेवाहरू प्रदान गर्ने,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालिम प्रदान गर्ने तथा संस्थामा सुशासन प्रवर्धन गर्ने गराउने,

(ङ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(च) आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने,

(छ) संस्थाको व्यावसायिक प्रवर्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,

(ज) दर्ता गर्ने अधिकारीले दिएको निर्देशन पालना गर्ने गराउने,

(झ) विनियममा उल्लिखित कार्यहरू गर्ने ।

परिच्छेद–४
नीति तथा आन्तरिक कार्यविधि

१७. **नीति बनाउनु पर्ने :** (१) संस्थाले यो ऐन, यो ऐनअन्तर्गत बनेको नियम, निर्देशिका र संस्थाको विनियमको अधीनमा रही आफ्नो कार्य सञ्चालनका लागि नीति बनाउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको नीति सम्बन्धित संस्थाको साधारणसभाले स्वीकृत गरेपछि लागु हुने छ ।

१८. **आन्तरिक कार्यविधि बनाउन सक्ने :** (१) संस्थाले यो ऐन, यो ऐनअन्तर्गत बनेको नियम, निर्देशिका, संस्थाको विनियम र नीतिको अधीनमा रही आवश्यकताअनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्ने छ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको समितिले स्वीकृत गरेपछि लागु हुने छ ।

१९. **नीति र आन्तरिक कार्यविधिमा संशोधन :** संस्थाको नीति साधारण सभाको बहुमतबाट र संस्थाको आन्तरिक कार्यविधि समितिको बैठकको बहुमतबाट संशोधन गर्न सकिने छ ।

परिच्छेद–५
सदस्यता

२०. **संस्थाको सदस्यता :** (१) सोह्र वर्ष उमेर पूरा गरेका देहायबमोजिमका नेपाली नागरिकहरू संस्थाको सदस्य हुनसक्ने छन्:

(क) संस्थाको कम्तीमा एक सेयर खरिद गरेको,

(ख) संस्थाको विनियममा उल्लिखित सर्तहरू पालना गर्न मन्जुर गरेको,

(ग) संस्थाको जिम्मेवारी पालना गर्न मन्जुर भएको,

(घ) संस्थाले गरेको कारोबारसँग प्रतिस्पर्धा हुने गरी कारोबार नगरेको,

(ङ) संस्थाको सदस्यता लिन योग्य रहेको स्वघोषणा गरेको ।

(२) यो ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सङ्घ, प्रदेश र स्थानीय तहका निकायहरूमा प्रचलित कानुनबमोजिम दर्ता भएका फर्म, संस्था, कम्पनी वा समूहहरू उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिमको अवस्था पूरा भएमा संस्थाको सदस्य हुन बाधा पर्ने छैन ।

(३) उपदफा (२) बमोजिमको सदस्य हुन सम्बन्धित फर्म, संस्था, कम्पनी वा समूहको कार्यकारी समितिबाट निर्णय भएको हुनुपर्ने छ ।

२१. **सदस्यता प्राप्त गर्न निवेदन दिनु पर्ने :** (१) संस्थाको सदस्यता लिन चाहनेले सम्बन्धित संस्थाको समिति समक्ष निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले पैंतिस दिनभित्र समितिले यो ऐन, यस ऐनअन्तर्गत बनेको नियम तथा संस्थाको विनियमको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समिताले सदस्यता प्रदान गर्ने निर्णय गरेमा निर्णय भएको मितिले सात दिनभित्र निवेदकलाई सदस्यता प्रदान गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सोको कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनुपर्ने छ ।

(५) उपदफा (४) बमोजिम जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित ब्यक्तिले दर्ता गर्ने अधिकारीसमक्ष उजुर गर्न सक्ने छ।

(६) उपदफा (५) बमोजिम प्राप्त उजुरी छानविन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नका लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्ने छ।

(७) उपदफा (६) बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिनभित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्ता गर्ने अधिकारीलाई गराउनुपर्ने छ ।

२२. **सदस्य हुन नपाउने :** (१) कुनै व्यक्ति एकै उद्देश्य, कार्य र कार्यक्षेत्र भएका एकभन्दा बढी संस्थाको सदस्य हुन पाउने छैन ।

तर यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्ने छ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै संस्थामा दफा २० को उपदफा (२) मा उल्लेख भएदेखि बाहेकको अन्य कुनै कृत्रिम व्यक्ति सदस्य भएको भए पाँच वर्षभित्र सदस्यता अन्त्य गरीसक्नुपर्ने छ।

२३. **सदस्यताको समाप्ति :** (१) कुनै सदस्यको संस्थाको सदस्यता देहायको अवस्थामा समाप्त हुने छः–

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) बिना सूचना लगातार तीन पटकसम्म वार्षिक साधारण सभामा अनुपस्थित भएमा,

(ग) यो ऐन, यो ऐनअन्तर्गत बनेको नियम वा संस्थाको विनियमबमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लङ्घन गरेमा,

(घ) दफा २० बमोजिमको योग्यता नभएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा संस्थालाई भुक्तानी गर्नुपर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण, तिर्नुपर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुने छैन ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि साधारण सभा बोलाउने निर्णय भइसकेपछि साधारणसभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन ।

(४) सदस्यको सदस्यता समाप्ति सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।

२४. **सुविधा प्राप्त गर्न नसक्ने :** कुनै सदस्यले संस्थालाई तिर्नुपर्ने कुनै दायित्व निर्धारित समयभित्र भुक्तान नगरेमा वा यो ऐन, यस ऐनअन्तर्गत बनेको नियम तथा संस्थाको विनियम बमोजिम सदस्यले पालन गर्नुपर्ने व्यवस्थाको बारम्बार उल्लङ्घन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुबिधा प्राप्त गर्न सक्ने छैन ।

परिच्छेद –६

साधारण सभा, समिति तथा लेखा सुपरीवेक्षण समिति

२५. **साधारण सभा, गणपूरक सङ्ख्या र निर्णय :** (१) संस्थाको सर्वोच्च अङ्गका रुपमा साधारण सभा हुने छ ।

(२) संस्थाका सबै सदस्यहरू साधारण सभाका सदस्य हुने छन् ।

(३) संस्थाको साधारण सभा देहायबमोजिम हुने छ :–

(क) प्रारम्भिक साधारण सभा,

(ख) वार्षिक साधारण सभा,

(ग) विशेष साधारण सभा ।

(४) साधारण सभामा पेस गरिने प्रस्ताव र प्रतिवेदनमध्ये लेखा सुपरीवेक्षण सतितिले पेस गर्ने प्रतिवेदनबाहेकका प्रस्ताव र प्रतिवेदनहरू सञ्चालक समितिमार्फत पेस गरिने छ ।

(५) उपदफा (२) बमोजिमका सदस्यहरूले कुनै विषयमा छलफलका लागि साधारण सभामा सिधै प्रस्ताव पेस गर्नसक्ने छन् ।

(६) उपदफा (४) र (५) बमोजिमको प्रस्ताव र प्रतिवेदनउपर साधारण सभामा छलफल गरी निर्णय लिनुपर्ने छ ।

(७) संस्थाको साधारण सभाका लागि गणपूरक सङ्ख्या तत्काल कायम रहेको कुल सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत हुने छ ।

(८) साधारण सभामा उपदफा (७) बमोजिमको गणपूरक सङ्ख्या नपुगेमा सुरु सूचनाको आधा अवधि दिई अर्को साधारण सभा बोलाउनुपर्ने छ ।

(९) उपदफा (८) बमोजिम बोलइएको साधारण सभाको गणपूरक सङ्ख्या तत्काल कायम रहेको कुल सदस्य सङ्ख्याको चालिस प्रतिशत हुने छ ।

(१०) साधारण सभामा उपदफा (९) बमोजिमको गणपूरक सङ्ख्या पनि नपुग भएमा उपदफा (८) बमोजिमको अवधि दिई पुनः अर्को साधारण सभा बोलाउनुपर्ने छ ।

(११) उपदफा (१०) बमोजिम बोलाइएको साधारण सभामा जतिसुकै सदस्यको उपस्थिति भए पनि गणपूरक सङ्ख्या पुगेको मनिने छ ।

(१२) साधारण सभामा सदस्यहरूको गणपूरक सङ्ख्या पुगेपछि मात्र प्रतिवेन र प्रस्तावहरू निर्णयार्थ पेस गर्नुपर्ने छ ।

(१३) उपदफा (१२) बमोजिमा साधारण सभामा पेस गरिएको प्रतिवेन र प्रस्तावहरू उपस्थित सदस्यहरूमध्ये एकाउन्न प्रतिशत सदस्यहरूको रायलाई सो सभाको निर्णय मनिने छ । तर संस्थाको विनियम संशोधन गर्दा उपस्थित सदस्यहरूमध्ये सतसट्ठी प्रतिशत सदस्यहरूको रायलाई सो सभाको निर्णय मनिने छ ।

(१४) उपदफा (१३) बमोजिम साधारण सभाबाट भएको निर्णय देहायबमोजिमका सदस्यहरूले प्रमाणित गर्नुपर्ने छ ।

(क) सभाको अध्यक्ष,

(ख) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत अध्यक्षबाहेकका सञ्चालक सदस्यहरू,

(ग) उपदफा (१४) को खण्ड (ख) बराबर सङ्ख्यामा समिति सदस्यबाहेकको सभाका सदस्य ।

(१५) सभाका निर्णयहरू उपदफा (१४) बमोजिमा प्रमाणित भएपछि कार्यान्वयन हुने छन् । तर संस्थाको विनियम संशोधन सम्बन्धी निर्णय उपदफा (१४) बमोजिम प्रमाणित भएपछि दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि मात्र कार्यान्वयन हुने छ ।

२६. **प्रारम्भिक साधारण सभा:** (१) तदर्थ सञ्चालक समितिले संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्ने छ ।

(२) प्रारम्भिक साधारण सभा बोलाउँदा काम्तीमा पन्ध्र दिनअघि सभा हुने मिति, समय र स्थान तोकेर सदस्यहरूलाई सूचना दिनुपर्ने छ ।

(३) प्रारम्भिक साधारण सभामा अध्यक्षता तदर्थ सञ्चालक समितिको अध्यक्षले गर्ने छन् ।

(४) प्रारम्भिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :-

(क) प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी दिने,

(ख) चालु आर्थिक वर्षका लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) यो ऐन, यो ऐनबमोजिम बनेको नियम, निर्देशिका र संस्थाको विनियममा उल्लेख भए बमोजिम समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) सभामा पेस भएको नीति पारित गर्ने,

(च) लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

२७. **वार्षिक साधारण सभा :** (१) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारण सभा बोलाउनु पर्ने छ ।

(२) वार्षिक साधारण सभा बोलाउँदा काम्तीमा तीस दिनअघि सभा हुने मिति, समय र स्थान तोकेर सदस्यहरूलाई सूचना दिनुपर्ने छ ।

(३) वार्षिक साधारण सभामा अध्यक्षता समितिको अध्यक्षले गर्ने छ ।

(४) वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :-

(क) समितिले पेस गरेको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

(ख) लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) पदीय जिम्मेवारी एवम् आचरण पालना नगरेमा सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

तर पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(ङ) समिति वा लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम संशोधन गर्ने, नीति पारित एवम् संशोधन गर्ने,

(छ) लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

(झ) समिति र लेखा सुपरिवेक्षेण समितिको पारिश्रमिक लगायतका सेवा सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

२८. **विशेष साधारणसभा :** (१) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनुपर्ने छ :-

(क) संस्थाको काम विशेषले विशेष साधारण सभा बोलाउनुपर्ने समितिवाट निर्णय भएमा,

(ख) दफा ३८ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरीवेक्षण समितिको सिफारिसमा,

(ग) कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन पेस गरेको प्रस्ताव समितिद्वारा पारित भएमा,

(घ) विशेष साधारण सभा बोलाउनुपर्ने कारण खुलाई पैंतिस प्रतिशत सदस्यले समितिसमक्ष निवेदन दिएमा,

(ङ) दफा ५६ को उपदफा (४) बमोजिम भएमा ।

(२) विशेष साधारण सभा बोलाउँदा काम्तीमा पन्ध्र दिनअघि सभा हुने मिति, समय र स्थान तोकेर सदस्यहरूलाई सूचना दिनुपर्ने छ ।

(३) विशेष साधारणसभामा अध्यक्षता समितिको अध्यक्षले गर्ने छ ।

२९. **विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्ने:** (१) दफा २८ उपदफा (१) बमोजिमको अवस्था पूरा हुँदा पनि समितले विशेष साधारण सभामा नबोलाएको उजुरी दर्ता गर्ने अधिकारी समक्ष पेस भई र छानविन गर्दा पुष्टि भएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको समितिलाई विशेष साधारण सभा बोलाउन निर्देशन दिनुपर्ने छ ।

(२) संस्थाको निरीक्षण वा सुपरीवेक्षण गर्दा वा कसैको उजुरी परी छानविन गर्दा देहायको अवस्था देखिन आएमा पनि दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको समितिलाई विशेष साधारण सभा बोलाउन निर्देशन दिनुपर्ने छ :-

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरीत कार्य गरेमा,

(ख) यो ऐन, यस ऐनअन्तर्गत बनेको नियम, संस्थाको विनियम तथा नीतिविपरीत कार्य गरेमा,

(घ) दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,

(ङ) दफा ३१ को उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएमा।

(३) उपदफा (१) र (२) बमोजिम विशेष साधारण सभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले एक महिनाभित्र सभा हुने मिति, समय र स्थान तोकेर विशेष साधारण सभा बोलाउनुपर्ने छ ।

(४) उपदफा (३) उल्लिखित अवधिभित्र समितिले विशेष साधारण सभा नबोलाएमा दर्ता गर्ने अधिकारीले सभा हुने मिति, समय र स्थान तोकेर त्यस्तो सभा बोलाइदिनुपर्ने छ ।

(५) उपदफा (४) बमोजिम बोलाइएको विशेष साधारण सभा व्यवस्थापन गर्नु सम्धित समितिको कर्तव्य हुने छ ।

(६) विशेष साधारण सभाको बैठकमा बैठक बोलाउनको कारण, उजुरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल एवम् निर्णय गरी सोको प्रतिवेदन तयार गरी एक प्रति दर्ता गर्ने अधिकारीसमक्ष पेस गर्नुपर्ने छ ।

(७) उपदफा (६) प्राप्त प्रतिवेदनको आधारमा दर्ता गर्ने अधिकारी आवश्यक कारबाही प्रक्रिया अघि बढाउनुपर्ने छ ।

३०. **सञ्चालक समिति :** (१) संस्थामा साधारण सभाबाट निर्वाचित बढीमा तेह्र जनासम्मको सञ्चालक रहेको एक सञ्चालक समिति रहने छ ।

(२) उपदफा (१) बमोजिमको समितिको कार्यकाल निर्वाचित भएको मितिले बढीमा चार वर्षको हुने छ ।

(३) उपदफा (२) बमोजिमको कार्यकालको अन्तिम वर्ष दफा २७ को उपदफा (१) बमोजिम वार्षिक साधारण सभा गर्न पाउने अवधिभन्दा अघि समितिको कार्यकाल पूरा भएमा दफा २७ को उपदफा (१) बमोजिमको अवाधिसम्म समितिको कार्यकाल कायमै रहेको मानिने छ ।

(४) समितिको अध्यक्ष पदमा एउटै व्यक्ति लगातार दुई पटकभन्दा बढी निर्वाचित हुन पाउने छैन ।

(५) उपदफा (१) बमोजिमको समितिमा कम्तीमा पचिस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व हुनुपर्ने छ ।

(६) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा एउटै संस्थाको समिति तथा लेखा सुपरीवेक्षण समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन पाउने छैन ।

(७) कुनै संस्थाको समिति, लेखा सुपरीवेक्षण समिति, उपसमितिका पदाधिकारी र सदस्यहरूले सोही संस्थाको कर्मचारी र अर्को कुनै संस्थाको समिति, लेखा सुपरीवेक्षण समिति, उपसमितिका पदाधिकारी र सदस्यहरू आफ्नो संस्थाले सदस्यता लिएको सहकारी सङ्घ वा बैङ्कबाहेक अर्को कुनै संस्थाको सञ्चालक र कर्मचारी बन्न पाउने छैन ।

तर वार्षिक दुई करोड रुपैयाभन्दा कमको कारोबार गर्ने संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रुपमा काम गर्न बाधा पर्ने छैन । वार्षिक दुई करोडभन्दा बढी कारोबार गर्ने संस्थामा कुनै सञ्चालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र त्यस्तो सञ्चालकले कर्मचारीको पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्नुपर्ने छ ।

(८) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी संस्थाको सञ्चालक वा अर्को संस्थाको कर्मचारी वा एउटा संस्थाको कर्मचारी अर्को संस्थाको सञ्चालक भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनुपर्ने छ ।

(९) उपदफा (२) मा जुन सुकै कुरा लेखिएता पनि सदस्यहरूले समितिलाई दफा ३६ र समितिको कुनै सञ्चालकलाई दफा ३४ बमोजिम वार्षिक वा विशेष साधारण सभामार्फत हटाउन सक्ने छन् ।

(१०) समिति वा समितिको कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारण सभाले बाँकी अवधिका लागि अर्को समिति वा सञ्चालकको निर्वाचन गर्ने छ ।

३१. **समितिको निर्वाचन :** (१) समितिले दफा ३० को उपदफा (२) र (३) को अवधि समाप्त हुनुअघि अर्को समितिको निर्वाचन गराउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी दर्ता गर्ने अधिकारीलाई प्राप्त भएमा वा सदस्यहरूले जानकारी दिएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले एक महिनाभित्र समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारीले सम्बन्धित समितिलाई आदेश दिने छ ।

(३) उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधिभित्र समितिको निर्वाचन गराई दर्ता गर्ने अधिकारलाई जानकारी गराउनुपर्ने छ ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा दर्ता गर्ने अधिकारले त्यस्तो संस्था सदस्य रहेको माथिल्लो सङ्घ भए सो सङ्घको प्रतिनिधिसमेतलाई सहभागी गराई समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउनुपर्ने छ।

(५) उपदफा (३) बमोजिम निर्वाचन नगराउने समितिले उपदफा (४) बमोजिमको अवधिभर संस्थामा दर्ता गर्ने अधिकारीले तोकेको कार्यबाहेकको अन्य कार्य गर्न पाउने छैन ।

(६) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुऱ्याउनु सम्बन्धित समितिका सञ्चालकहरूको कर्तव्य हुनेछ ।

(७) उपदफा (५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले बेहोर्नुपर्ने छ।

(८) यस दफाबमोजिम निर्वाचित समितिले निर्वाचन नभएसम्मको लागि समितिले विनियममा व्यवस्था भएबमोजिम आफ्नो कार्य सञ्चालन गर्ने छ ।

३२. **समितिको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :-

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तबमोजिम संस्थाको सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउने,

(ग) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा बोलाउने,

(घ) साधारण सभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) संस्थाको नीति, वार्षिक कार्यक्रमको तर्जुमा गरी साधारणसभा समक्ष पेस गर्ने,

(च) गत आर्थिक वर्षको यथार्थ आय व्यय, चालु आर्थिक वर्षको संशोधित आय व्यय र आगामी आर्थिक वर्षको अनुमानित आय व्ययको विवरण तयार गरी साधारण सभासमक्ष पेस गर्ने,

(छ) संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(ज) सेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्य गर्ने,

(झ) सम्बन्धित सङ्घको सदस्यता लिने,

(ञ) विनियम, नीति तयार वा संशोधन गरी साधारण सभामा पेस गर्ने,

(ट) स्वीकृत विनियम र पारित नीति कार्यान्यन गर्ने गराउने,

(ठ) अन्तरिक कार्यविधि तयार गरी कार्यान्वन गर्ने गराउने,

(ड) संस्थाको कार्यक्षेत्रभित्र संस्थाको कारोबार र व्यवसायको हित प्रवर्धनका लागि आवश्यक कार्य गर्ने गराउने,

(ढ) यो ऐन, यस ऐनअन्तर्गत बनेको नियम, निर्देशिका, संस्थाको विनियम, नीति र अन्तरिक कर्याविधिबमोजिमको कार्य कार्यान्वयन गर्ने गराउने,

(ण) दर्ता गर्ने अधिकारीको निर्देशन कार्यन्वयन गर्ने गराउने,

(त) तोकिएबमोजिमको अन्य कार्य गर्ने ।

३३. **सञ्चालक पदमा बहाल नरहने :** देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहाल रहन सक्ने छैन:-

(क) निजले दिएको राजीनामा समितिबाट स्वीकृत भएमा,

(ख) निजलाई दफा ३४ उपदफा (१) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

(ग) निज अर्को संस्थाको सञ्चालक रहेमा,

(घ) निज सोही वा अर्को संस्थाको कर्मचारी रहेमा,

तर दफा ३० को उपदफा (७) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोहीबमोजिम हुने छ ।

(ङ) निज सोही वा अर्को संस्थाको लेखा सुपरीवेक्षण समितिको पदमा रहेमा,

(च) निजको मृत्यु भएमा,

(छ) फौजदारी वा भ्रष्टाचार अभियोग लागी अदालतबाट कसुरदार ठहरिएमा ।

३४. **सञ्चालकलाई पदबाट हटाउन सक्ने:** (१) साधारण सभाले बहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्ने छ :-

(क) आर्थिक हिनामिना गरी सम्बन्धित संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

(ख) अनधिकृत तबरले सम्बन्धित संस्थाको कारोबार सम्बन्धी विषयको गोपनियता भङ्ग गरेमा,

(ग) सम्बन्धित संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा,

(घ) सम्बन्धित संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रुपमा काम गर्न नसक्ने भएमा,

(च) पदीय जिम्मेवारी पूरा नगरेमा,

(छ) सहकारी मूल्य, मान्यता, सिद्धान्त विपरीत कार्य गरेमा,

(ज) संस्थालाई आर्थिक क्षति हुने कार्य गरेमा,

(झ) कुनै सञ्चालकमा यो ऐन, यस ऐनअन्तर्गत बनेको नियम वा संस्थाको विनियममा उल्लिखित योग्यता नरहेमा ।

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नुअघि त्यस्तो सञ्चालकलाई साधारण सभासमक्ष सफाइ पेस गर्ने मनासिब माफिकको मौका दिइने छ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाइ पेस नगरेमा वा निजले पेस गरेको सफाइ सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्ने छ ।

(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य सोपछि दुई कार्यकालसम्म समितिको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

३५. **निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुन नहुने :** (१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनुहुँदैन ।

(२) सञ्चालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुने गरी संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन ।

(३) कुनै सञ्चालकले उपदफा (१) को विपरीत हुने गरी वा आफ्नो अधिकारक्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे गराएमा त्यस्तो काम कारबाहीप्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुने छ र त्यस्तो काम कारबाहीबाट संस्था, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजको जायजेथाबाट असुल उपर गरिने छ ।

३६. **समितिको विघटन :** (१) साधारणसभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्ने छः-

(क) समितिको बदनियतपूर्ण कार्यबाट संस्थाको कारोबार जोखिममा परेमा,

(ख) संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तानी गर्न नसकेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य र कार्यविपरीतको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यो ऐन वा यो ऐनअन्तर्गत बनेको नियमावलीमा उल्लिखित सर्त वा दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा ।

(च) समितिले पदीय जिम्मेवारी पूरा नगरेमा,

(छ) सहकारी मूल्य, मान्यता, सिद्धान्तविपरीत कार्य गरेमा,

(ज) संस्थालाई आर्थिक क्षति हुने कार्य गरेमा,

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारणसभाले नयाँ समितिको निर्वाचन गर्ने छ ।

(३) समितिले यो ऐन वा यो ऐनअन्तर्गत बनेको नियमबमोजिम दर्ता गर्ने अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा २९ को उपदफा (३) बमोजिम पेस भएको प्रतिवेदनको आधारमा वा दर्ता गर्ने अधिकारीले समितिलाई उजुरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गम्भीरताको आधारमा समितिलाई दर्ता गर्ने अधिकारीले बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिनसक्ने छ र त्यस्तो समयावधि भित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नुपर्ने छ ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिना भित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म संस्थाको दैनिक कार्य सञ्चालन गर्न दर्ता गर्ने अधिकारीले तोकिएबमोजिमको एक तदर्थ समिति गठन गर्नुपर्ने छ ।

(५) यस दफाबमोजिम तदर्थ समिति गठन र अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले बेहोर्ने छ ।

३७. **लेखा सुपरीवेक्षण समितिको गठन :** (१) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिएबमोजिमको योग्यता पुगेका एक जना संयोजक र दुई जना सदस्यहरू रहने गरी साधारण सभाले निर्वाचनबाट एक लेखा सुपरीवेक्षण समिति गठन गर्ने छ ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै संस्थाको सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

३८. **लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार :** (१) लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :–

(क) चौमासिकमा रुपमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने,

(ख) लेखाको आधारभूत सिद्धान्तको पालना गर्न लगाउने,

(ग) वित्तीय तथा आर्थिक कारोबारको निरीक्षण तथा मूल्याङ्कन गर्ने,

(घ) समितिको काम कारबाहीको नियमित सुपरीवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) संस्थाको आर्थिक अवस्था सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरीवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभासमक्ष पेस गर्ने,

(छ) पटक पटक दिएका सुझाव कार्यान्वयन नगरेको वा कारणबाट संस्थाको हितमा प्रतिकूल असर पर्ने कार्य गरेको वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको रूपमा हिनामिना भएको वा

अनियमितता भएको वा संस्था गम्भीर आर्थिक सङ्कटमा पर्न लागेको देखिएमा सोको कारण खुलाई विशेष साधारण सभा बोलाउन समितिसमक्ष सिफारिस गर्ने ।

(ज) आवश्यक परेमा आन्तरिक लेखापरीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्न लेखा सुपरिवेक्षण समितिले विज्ञको परामर्श र सहयोग लिन सक्ने छ ।

(३) लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य संस्थाको दैनिक, आर्थिक र प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।

परिच्छेद–७
बचत तथा ऋण परिचालन

३९. **सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नुपर्ने :** (१) संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्थाबाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न पाउने छैन।

तर यो ऐन प्रारम्भ हुनुअघि बहुउद्देश्यीय वा विषयगत संस्थाको रुपमा दर्ता भई मुख्य कारोवारको रुपमा वचत तथा ऋणको कारोबार गर्दै आएको भए त्यस्तो संस्थाले तीन वर्षभित्रमा वचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोवार गर्ने गरी संस्था सञ्चालन गर्नुपर्ने छ ।

(३) संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा लिने सेवा शुल्क र नवीकरण शुल्क दर्ता गर्ने अधिकारीले तोकिदिएको अवस्थामा बाहेक संस्थाको नीति र अन्तरिक कार्यविधिमा तोकिएबमोजिम हुने छ ।

(४) बचत र ऋणको ब्याजदरबीचको अन्तर छ प्रतिशतभन्दा बढी गर्न पाइने छैन ।

(५) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पुँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइने छैन ।

(६) संस्थाले कुनै पनि कम्पनीको सेयर वा ऋणपत्र खरिद गर्न अचल सम्पत्ति खरिद गर्न, पूर्वाधार निर्माण गर्न सक्ने छैन ।

तर

(१) संस्थाको दायित्वप्रति प्रतिकूल नहुने गरी सहकारी बैङ्क तथा सहकारी सङ्घको सेयर खरिद गर्न, संस्थाले स्वप्रयोजनका लागि अचल सम्पत्ति खरिद तथा पूर्वाधार निर्माण गर्न एवम् संस्था र सदस्यहरुको हितमा उत्पादन र सेवाको क्षेत्रमा प्राथमिक पुँजी कोष परिचालन गर्न बाधा पर्ने छैन ।

(२) यो ऐन प्रारम्भ हुनुअघि कुनै संस्थाले कुनै कम्पनीको सेयर खरिद गरेको भएमा त्यस्तो सेयर यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष अवधिभित्र बिक्री गरिसक्नुपर्ने छ ।

(७) संस्थाले प्राथमिक पुँजी कोषको पन्ध्र गुणासम्म बचत सङ्कलन गर्नसक्ने छ ।

(८) संस्थाले दर्ता गर्दाका बखतका सदस्यबाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गर्न सक्ने छैन ।

४०. **सन्दर्भ व्याजदर सम्बन्धी व्यवस्था :** (१) सङ्घ, सम्बन्धित प्रदेश र नगरपालिकाले बचत तथा ऋणको सन्दर्भ ब्याजदर तोक्नसक्ने छ ।

(२) उपदफा (१) बमोजिम तोकिएको सन्दर्भ ब्याजदर संस्थाका लागि निर्देशक ब्याजदर हुने छ ।

४१. **व्यक्तिगत बचतको सीमा :** संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा तोकिएबमोजिम हुने छ ।

परिच्छेद – ८
आर्थिक स्रोत परिचालन

४२. **सेयर बिक्री तथा फिर्ता सम्बन्धी व्यबस्था :** (१) संस्थाले आफ्नो सदस्यलाई सेयर बिक्री गर्न सक्ने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि संस्थाले एकै सदस्यलाई आफ्नो कुल सेयर पुँजीको बीस प्रतिशतभन्दा बढी हुने गरी सेयर बिक्री गर्न सक्ने छैन ।

तर सङ्घ, प्रदेश वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागु हुने छैन।

(३) संस्थाको सेयरको अङ्कित मूल्य प्रति सेयर एक सय रुपैयाँ हुने छ ।

(४) संस्थाको सेयरपूँजी विनियममा उल्लेख भएबमोजिम हुने छ ।

(५) संस्थाले खुला बजारमा सेयर बिक्री गर्न पाउने छैन ।

(६) संस्थाको मूलधनको रुपमा रहेको कुनै सदस्यको सेयर सोही संस्थाको ऋण वा दायित्वबाहेक अन्य कुनै ऋण वा दायित्वबापत लिलाम बिक्री गरिने छैन ।

४३. **रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्था :** (२) कुनै सदस्यले संस्थाको सदस्यता त्याग गरी सेयर रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तानी गरेको मितिले एक महिनाभित्र निजको बाँकी रकम निजलाई फिर्ता गर्नुपर्ने छ ।

(२) कुनै सदस्यले संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम निजलाई फिर्ता गर्नुपर्ने छ तर अवधि तोकिएको बचतको फिर्ता तोकिएको अवधिपछि मात्र हुने छ ।

(३) सहकारी संस्थाले सबै प्रकारका बचत खाताहरु सञ्चालन गर्नसक्ने छ ।

४४. **ऋण वा अनुदान लिन सक्ने:** (१) संस्थाले स्वदेशी वा विदेशी बैङ्क वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्नसक्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले विदेशी बैङ्क वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्नुअघि सङ्घीय कानुनवमोजिम स्वीकृति लिनुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम विदेशी बैङ्क वा निकायबाट ऋण वा अनुदान लिन स्वीकृतिका लागि प्रचलित कानुनबमोजिमका विवरणहरूसहित दर्ता गर्ने अधिकारीसमक्ष निवेदन दिनुपर्ने छ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले कार्यपालिकामा प्रस्ताव पेस गर्नुपर्ने छ ।

(५) उपदफा (४) बमोजिमको प्रस्ताव कार्यपालिकाले उपयुक्त देखेमा स्वीकृतिका लागि मन्त्रालयमा सिफारिस गरी पठाउनुपर्ने छ ।

४५. **नगरपालिकाको सुरक्षण प्राप्त गर्न सक्ने:** **(१)** संस्थाले विदेशी बैङ्क वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नुपर्ने भएमा तोकिएबमोजिमका विवरणहरूसहित दर्ता गर्ने अधिकारीसमक्ष निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले कार्यपालिकामा प्रस्ताव पेस गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रस्ताव उपयुक्त देखिएमा कार्यपालिकाले प्रचलित कानुनबमोजिम तोकिएको अधारमा सुरक्षण प्रदान गर्न सक्ने छ ।

परिच्छेद – ९
संस्थाको कोष

४६ **संस्थाको कोष :** संस्थाको कोषमा देहायबमोजिमको रकम रहने छ :–

(क) सेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतको रुपमा प्राप्त रकम,

(ग) ऋणको रुपमा प्राप्त रकम,

(घ) सङ्घ, प्रदेश र नगरपलिकाबाट प्राप्त अनुदान रकम,

(ङ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(च) व्यावसायिक कार्यबाट आर्जित रकम,

(छ) सदस्यता प्रवेश शुल्क,

(ज) संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम ।

४७. **जगेडा कोष :** (१) संस्थामा एक 'जगेडा कोष' रहने छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायबमोजिमका रकम रहने छन् :–

(क) आर्थिक वर्षको खुद नाफा रकमको कम्तीमा पच्चिस प्रतिशत रकम,

(ख) कुनै संस्था, सङ्घ वा निकायले प्रदान गरेको पुँजीगत अनुदान रकम,

(ग) स्थिर सम्पत्ति बिक्रीबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको 'जगेडा कोष' अविभाज्य हुने छ ।

४८. **संरक्षित पुँजी फिर्ता कोष :** (१) संस्थामा एक 'संरक्षित पुँजी फिर्ता कोष' रहने छ ।

(२) संस्थाको खुद नाफाबाट दफा ४७ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको कम्तीमा पच्चिस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रुपमा जम्मा गर्नुपर्ने छ ।

(३) उपदफा (१) बमोजिमको रकम सदस्यले गरेको तोकिएबमोजिमको वार्षिक कारोबारका आधारमा सम्बन्धित सदस्यलाई उपलबध गराउन सकिने छ ।

४९. **सहकारी प्रवर्द्धन कोषसम्बन्धी व्यवस्था :** (१) संस्थामा एक 'सहकारी प्रवर्धन कोष' रहने छ ।

(२) संस्थाले सहकारी व्यवसायको प्रवर्धन गर्नका लागि उपदफा (१) बमोजिमको कोषमा संस्थाको खुद नाफाबाट दफा ४७ बमोजिम जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रुपमा जम्मा गर्नुपर्ने छ ।

(३) उपदफा (१) बमोजिमको कोषको उपयोग प्रचलित कानुनको आधारमा तोकिएअनुसार हुने छ ।

५०. **अन्य कोष सम्बन्धी व्यबस्था :** (१) दफा ४६, ४७, ४८ र ४९ मा उल्लिखित कोषका अतिरिक्त संस्थामा सहकारी शिक्षा कोष, सेयर लाभांश कोष लगायत तोकिएबमोजिमका अन्य कोषहररू रहन सक्ने छन् ।

(२) उपदफा (१) बमोजिमको कोषमा वार्षिक रुपमा रकम जम्मा र सो कोषको उद्देश्यपूर्तिका लागि कोषमा जम्मा भएको रकमको उपयोग विनियममा तोकिएबमोजिम गर्न सकिने छ ।

(३) संस्थाको सदस्यहरूलाई लाभांश वितरण गर्दा उपदफा (१) बमोजिमको सेयर लाभांश कोषमा वार्षिक रुपमा रकम जम्मा गरी सोही कोषबाट लाभांश वितरण गर्नुपर्ने छ ।

(४) उपदफा (३) बमोजिम लाभांश वितरण गर्दा एक वर्षको सेयर लाभांशको रकम सेयर पुँजीको पन्ध्र प्रतिशतभन्दा बढी हुनुहुने छैन ।

परिच्छेद – १०
अभिलेख र सूचना

५१. **अभिलेख राख्नुपर्ने :** (१) संस्थाले साधारण सभा, समिति, लेखा सुपरीवेक्षण समिति तथा उपसमितिहरुको बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सुरक्षित साथ राख्नुपर्ने छ ।

(२) संस्थाले कारोबारसँग सम्बन्धित तथा अन्य आवश्यक अभिलेखहरू तोकिएबमोजिम सुरक्षित साथ राख्नुपर्ने छ ।

(३) सदस्याले संस्थामा उपदफा (१) र (२) सूचना र विवरण माग गरेमा उपलब्ध गराउनुपर्ने छ ।

५२. **विवरण उपलब्ध गराउनु पर्ने :** (१) संस्थाले देहायका विवरणहरूसहितको प्रतिवेदन प्रत्येक चौमासिक समाप्त भएको सात दिनभित्र दर्ता गर्ने अधिकारीसमक्ष पेस गर्नुपर्ने छ :–

(क) कारोबारको चौमासिक प्रतिवेदन,

(ख) तरलताको अवस्था,

(ग) दर्ता गर्ने अधिकारीले समय समयमा तोकिदिएको अन्य चौमासिक विवरण ।

(२) संस्थाले देहायका विवरणहरूसहितको प्रतिवेदन आ.व. समाप्त भएको तीन महिनाभित्र दर्ता गर्ने अधिकारीसमक्ष पेस गर्नुपर्ने छ :–

(क) कारोबारको वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन

(ख) वार्षिक योजना र कार्यक्रम

(ग) बचत तरलताको अवस्था,

(घ) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची,

(ङ) साधारण सभाको बैठक सम्बन्धी जानकारी,

(च) सेयर सदस्य सङ्ख्या र सेयर पुँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,

(ज) दर्ता गर्ने अधिकारीले समय समयमा तोकिदिएको अन्य वार्षिक विवरण ।

परिच्छेद – ११
लेखा र लेखापरीक्षण

५३. **कारोबारको लेखा :** (१) संस्थाको कारोबारको लेखा दोहोरो अभिलेख प्रणालीमा प्रोद्भावी आधारित लेखाविधि अनुसार कारोबारको यथार्थ स्थिति स्पष्टरुपमा देखिने गरी राख्नुपर्ने छ ।

(२) लेखा अभिलेख गर्दा प्रचलित कानूनबमोजिम दर्ता गर्ने अधिकारीले लागु गरेको लेखामान (एकाउन्टिङ स्ट्याण्डर्ड) र तोकिएबमोजिम अवलम्बन गर्नुपर्ने अन्य सर्त तथा व्यवस्था पालना गर्नुपर्ने छ ।

५४. **लेखापरीक्षण :** (१) संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानुनबमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र कुनै संस्थाले लेखापरीक्षण नगराएको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको लेखापरीक्षण इजाजतपत्र प्राप्त लेखापरीक्षकबाट गराउन सक्ने छ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनुपर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित संस्थाले बेहोर्नु पर्ने छ ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनका लागि साधारण सभासमक्ष पेस गर्नुपर्ने छ ।

(५) उपदफा (४) बमोजिम पेस भएको लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणका लागि साधारण सभाले अर्को लेखापरीक्षक नियुक्त गर्ने छ ।

५५. **लेखापरीक्षकको नियुक्ति :** (१) संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानुनबमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकहरूमध्येबाट साधारण सभाले एकजना लेखापरीक्षक नियुकत गरी पारिश्रमिकसमेत तोक्ने छ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन ।

५६. **लेखापरीक्षकमा नियुक्त हुन नसक्ने :** (१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भइ सकेको भए सो पदमा बहाल रहन सक्ने छैन :–

(क) सहकारी संस्थाको सञ्चालक,

(ख) सम्बन्धित संस्थाको सदस्य,

(ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखापरीक्षण सम्बन्धी कसुरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको लेखापरीक्षक,

(ङ) दामासाहीमा परेको व्यक्ति,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसुरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको व्यक्ति,

(ज) सम्बन्धित संस्थासँग स्वार्थ बाझिएको व्यक्ति ।

(२) लेखापरीक्षकले आफू नियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुराको संस्थासमक्ष स्वघोषणा गर्नुपर्ने छ ।

(३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा संस्थाको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नुपर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रुपमा संस्थालाई दिनुपर्ने छ ।

(४) कुनै संस्थामा उपदफा (३) बमोजिम लेखापरीक्षण हुन नसकेमा वा नियुक्त भएको लेखापरीक्षकको लेखापरीक्षण कार्य सम्पन्न नहुँदा नै मृत्यु भएमा विशेष साधारण सभामार्फत अर्को लेखापरीक्षकको नियुक्ति गर्नुपर्ने छ ।

(५) यस दफाको प्रतिकूल हुने गरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन ।

परिच्छेद – १२
छुट, सुविधा र सहुलियत

५७. **छुट, सुविधा र सहुलियत :** (१) संस्थालाई प्राप्त हुने छुट, सुविधा र सहुलियत सङ्घीय र प्रदेश कानुनबमोजिम हुने छ ।

(२) उपदफा (१) मा उल्लेखिट छुट, सुविधा र सहुलियत बाहेक संस्थालाई प्राप्त हुने अन्य छुट, सुविधा र सहुलियत तोकिएबमोजिम हुने छ ।

परिच्छेद–१३
ऋण लगानी, असुली तथा बाँकी बक्यौता

५८. **ऋण लगानी र असुल गर्ने :** (१) संस्थाले ऋण लगानी गर्दा पर्याप्त धितो वा सुरक्षणको सुनिश्चितता गरी ऋण लगानी गर्नुपर्ने छ ।

(२) संस्थाले ऋण लगानी गर्न ऋण लगानी नीति र आन्तरिक कार्यविधि बनाई सोको कार्यान्वयन गर्नुपर्दछ ।

(३) संस्थाले लगानीमा रहेको ऋण किस्ता र ब्याज असुलीमा पहल र ताकेता गर्नुपर्ने छ । लगानीमा रहेको ऋण असुली कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।

(४) संस्थाले उनन्चास प्रतिशतभन्दा बढी सञ्चालकलाई एकै पटक ऋण लगानी गर्न पाउने छैन ।

(५) संस्थाले ऋण लगानी गर्दा पर्याप्त धितो वा सुरक्षणको सुनिश्चितता नगरी ऋण लगानी गरेको देखिएमा दर्ता गर्ने अधिकारी दफा ६१ र ६२ को व्यवस्थाका लागि दर्ता गर्ने अधिकारी बाध्य हुने छैन ।

(६) संस्थाले ऋण लगानी गर्दा पर्याप्त धितो वा सुरक्षणको सुनिश्चिता नगरी ऋण लगानी गरेको अवस्थामा त्यस्तो ऋण असुलीप्रति ऋण लगानीमा संलग्न संस्थाको सञ्चालक, ऋण लगानी उपसमितिको पदाधिकारी, धितो मूल्याङ्कन समितिक पदाधिकारी र कार्यकारी प्रमुख वा व्यवस्थापक जिम्मेवार हुने छन् । ऋणको धितोबाट असुल हुन नसकेको रकम लगानीमा संलग्न संस्थाको संचालक, ऋण लगानी उपसमितिको पदाधिकारी, धितो मूल्याङ्कन समितिको पदाधिकारी र कार्यकारी प्रमुख वा व्यवस्थापकको जायजेथाबाट दामासहीले असुल उपर गरिने छ ।

(७) कुनै सदस्यले संस्थासँग गरेको ऋण सम्झौता वा सर्त कबुलियतको पालना नगरेमा, लिखतको भाकाभित्र ऋणको साँवा, ब्याज र हर्जाना चुक्ता नगरेमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित संस्थाले तोकिएको बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जाना असुल उपर गर्न सक्ने छ ।

(८) यस दफाबमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्था आफैंले सकार गर्न सक्ने छ ।

(९) ऋणको साँव, ब्याज, हर्जाना असुलीका लागि धितो सम्बन्धित संस्था आफैँले सकार गर्नु परेमा सकारेपश्चात् पनि ऋणीले साँवा, ब्याज र हर्जाना भुक्तानी गरी धितोबापतको सम्पत्ति फिर्ता लिन चाहेमा संस्थाले फिर्ता गर्नुपर्ने छ ।

(१०) कुनै सदस्यले संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिने छ ।

(११) उपदफा (१०) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (७) वा (८) बमोजिम धितोबाट पनि साँवा, ब्याज र हर्जानाको रकम असुल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, ब्याज र हर्जना असूल उपर गर्न सकिने छ ।

(१२) यस दफाबमोजिम लिलाम बिक्री गरी संस्थामा प्राप्त भएको रकमबाट साँवा, ब्याज र हर्जाना असुल उपर गर्दा असुल उपर गर्नु पर्ने साँवा, व्याज र हर्जानाको रकम तथा यस प्रक्रियामा लागेको खर्चको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनुपर्ने छ ।

(१३) यस दफाबमोजिम कुनै संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानुनबमोजिम रजिस्ट्रेसन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनुपर्ने छ र सम्बन्धित कार्यालयले पनि सोहीबमोजिम रजिस्ट्रेसन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनुपर्ने छ ।

(१४) उपदफा (८) बमोजिम आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्थाको नाममा रजिस्ट्रेसन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउने छ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिस्ट्रेसन वा दाखिल खारेज गरी गरिदिनुपर्ने छ ।

५९. **कालो सूची सम्बन्धी व्यवस्था :** (१) संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा तोकिएको समयावधि भित्र ऋणको साँवा व्याज फिर्ता नगर्ने सदस्यको नाम नामेशी सहित कालोसूची प्रकाशन गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम कालोसूची प्रकाशन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ।

६०. **कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था :** (१) संस्थाको कर्जा प्रवाहमा शुद्धता कायम गर्न र कर्जा प्रवाह सम्बन्धी सूचना प्राप्त गर्न 'कर्जा सूचना केन्द्र' स्थापना गर्न सकिने छ ।

(२) कर्जा सूचना केन्द्र स्थापना सम्बन्धी व्यवस्था प्रचलित कानुनबमोजिम हुने छ ।

६१ **बाँकी बक्यौता असुल उपर गर्ने :** कसैले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको ब्याज र हर्जानासमेत दर्ता गर्ने अधिकारीले त्यस्तो व्यक्तिको जायजेथाबाट असुल उपर गर्न सहयोग गरिदिनुपर्ने छ ।

६२. **रोक्का राख्नलेखी पठाउने :** (१) संस्था वा दर्ता गर्ने अधिकारीले दफा ५८ को उपदफा ७ देखि १४ सम्म र दफा ६१ को प्रयोजनका लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम रोक्काको लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानुनबमोजिम त्यस्तो व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राखिदिनुपर्ने छ ।

६३. **अग्राधिकार रहने :** कुनै व्यक्तिले संस्थालाई तिर्नुपर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा सङ्घ, प्रदेश र नगरपालिकाको कुनै हक दाबी भए त्यसका लागि रकम छुट्याई बाँकी रहन आएको रकममा संस्थाको अग्राधिकार रहने छ ।

६४. **कार्यवाही गर्न बाधा नपर्ने :** संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्थाउपर चलाएको कुनै कारबाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्थाउपर यस ऐन तथा प्रचलित कानुनबमोजिमको कुनै कसुरमा कारबाही चलाउन रोक लगाएको मानिने छैन ।

परिच्छेद– १४
एकीकरण, बिघटन तथा दर्ता खारेज

६५. **एकीकरण तथा विभाजन सम्बन्धी व्यवस्था :** (१) यस ऐनको अधीनमा रही दुई वा दुईभन्दा बढी संस्थाहरु एक आपसमा गाभी एकीकरण गर्न वा एक संस्थालाई भौगोलिक कार्य क्षेत्रका आधारमा दुई वा दुईभन्दा बढी संस्थामा विभाजन गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजनको प्रारम्भ सम्बन्धी निर्णय र एकीकरण वा विभाजनको अन्तिम निर्णय साधारण सभाबाट हुने छ ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका सर्त र कार्यविधि समेत खुलाउनु पर्ने छ ।

(४) संस्था एकीकरण हुँदा संस्थाहरूको सम्पूर्ण चल अचल सम्पति नयाँ बन्ने संस्थाको हुने छ ।

(५) संस्था विभाजन हुँदा संस्थाहरूको सम्पूर्ण चल अचल सम्पतिको विभाजन तोकिएबमोजिम हुने छ ।

६६. **विघटन र दर्ता खारेज :** (१) कुनै संस्थामा देहायको अवस्था विद्यमान भएको उल्लेख गरी साधारण सभाको तत्काल कायम रहेका दुई तिहाइ बहुमत सदस्यको निर्णयबाट त्यस्तो संस्थाको विघटन गर्ने निर्णय गरेमा दर्ता खारेजीको लागि समितिले दर्ता गर्ने अधिकारीसमक्ष निवेदन दिनसक्ने छ :–

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा छानविन गर्दा त्यस्तो संस्थाको विघटन गर्न उपयुक्त देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको दर्ता खारेज गर्न सक्ने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि दर्ता गर्ने अधिकारीले देहायको अवस्थामा संस्थाको दर्ता खारेज गर्न सक्ने छ :–

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्क्रिय रहेको पाइएमा,

(ख) कुनै संस्थाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा,

(ङ) दफा ७८ को उपदफा ६ बमोजिमको निर्देशन भएमा।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नुअघि दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थालाई सुनुवाइका लागि पन्ध्र दिनको समय दिनुपर्ने छ ।

(५) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेज भएमा त्यस्तो संस्था विघटन भएको मानिने छ ।

(७) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिने छ ।

६७. **लिक्विडेटरको नियुक्ति :** (१) दफा ६६ बमोजिम कुनै संस्थाको दर्ता खारेज गर्ने निर्णय भएमा दर्ता गर्ने अधिकारीले तोकिएबमोजिमको योग्यता भएको लिक्विडेटर नियुक्त गर्ने छ ।

(२) उपदफा (१) बमोजिम नियुक्त लिक्विडेटरको कम, कर्तव्य र अधिकार, पारिश्रमिक, लिक्विडेसन अवधि र लिक्विडेसन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।

६८. **लिक्विडेसन पछिको सम्पतिको उपयोग :** कुनै संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग तोकिएबमोजिम हुने छ ।

परिच्छेद – १५
दर्ता गर्ने अधिकारी

६९. **दर्ता गर्ने अधिकारी :** (१) यस ऐनअन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नुपर्ने कार्यहरू प्रमुख प्रशासकीय अधिकृतले गर्ने छ ।

(२) उपदफा (१) बमोजिमको दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार कार्यालयको सहकारी शाखाको अधिकृतलाई प्रत्यायोजन गर्न सक्ने छ ।

(३) उपदफा (२) बमोजिम प्रत्यायोजन गर्न सहकारी शाखामा अधिकृत स्तरको कर्मचारी नभएमा आफू मातहतको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सकिनेछ ।

७०. **दर्ता गर्ने अधिकारी काम, कर्तव्य र अधिकार :** (१) दर्ता गर्ने अधिकारी काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ ।

(क) यस ऐनमा र प्रचलित कानुनमा उल्लिखित कार्य गर्ने,

(ख) संस्थाको विनियम ऐन, यस ऐनअन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधि र अन्य प्रचलित कानुन प्रतिकूल नहुने गरी स्वीकृत गरिदिने,

(ग) संस्थाको साधारण सभाबाट पारित संशोधित विनियम यो ऐन, यो ऐनअन्तर्गत बनेको नियम, निर्देशिका र अन्य प्रचलित कानुन प्रतिकूल नहुने गरी स्वीकृत गरिदिने,

(ग) तोकिएबमोजिमको अन्य कार्य गर्ने ।

परिच्छेद –१६,
निरीक्षण तथा अनुगमन

७१. **निरीक्षण तथा अभिलेख जाँच गर्ने :** (१) दर्ता गर्ने अधिकारीले कार्ययोजना बनाई संस्थाको नियमित निरीक्षण तथा अभिलेख परीक्षण आफू वा आफ्नो प्रतिनिधिमार्फत गर्न, गराउन पर्ने छ । यस्तो निरीक्षण तथा अभिलेख परीक्षण आकस्मिक रुपमा पनि गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण वा अभिलेख जाँच गर्दा दर्ता गर्ने अधिकारी माग गरेको जानकारी सम्बन्धित संस्थाले उपलब्ध गराउनुपर्ने छ ।

(३) निरीक्षण वा अभिलेख जाँच सम्बन्धी सूचकहरू तोकिएबमोजिम हुने छन् ।

(४) उपदफा (१) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै संस्थाको कामकारबाही यो ऐन, यो ऐन अन्तर्गत बनेको नियम, निर्देशिका बमोजिम भएको नपाइएमा दर्ता गर्ने अधिकारीले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्ने छ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुने छ ।

(६) संस्थामा सङ्घ र प्रदेश कानुनबमोजिम हुने निरीक्षण तथा अभिलेख परीक्षणलाई यो दफाले बाधा गर्ने छैन।

(७) कुनै संस्थामा उपदफा (६) निरीक्षण तथा अभिलेख परीक्षण भएमा सोको प्रतिवेदन दर्ता गर्ने अधिकारीले निरीक्षण तथा अभिलेख परीक्षण गर्ने निकायसँग माग गर्न सक्ने छ ।

७२. छानविन गर्न सक्ने : (१) कुनै संस्थाको व्यावसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा दस प्रतिशत सदस्यले छानविनका लागि निवेदन दिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको छानविन गर्नु, गराउनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम छानिविन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित संस्थाको समितिको कर्तव्य हुने छ ।

(३) छानविन हुँदा यो ऐन बमोजिम सजाय र जरिबाना हुने कसुर गरेको पाइएमा यो ऐनबमोजिम कारबाही हुने छ ।

(४) उपदफा (१) बमोजिम गरिएको छानविनको प्रतिवेदन सम्बन्धित संस्थालाई लिखित रुपमा दिनुपर्ने छ र संस्थाले निवेदकहरूले माग गरेको अवस्थामा छानविनको जानकारी उपलब्ध गराउनुपर्ने छ ।

(५) यस दफा बमोजिम गरिएको छानविनबाट दिएको सुझाब सम्बन्धित संस्थाले पालना गर्नुपर्ने छ ।

७३. बचत तथा ऋणको कारोबार गर्ने संस्था को निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था : (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाले तोकिएबमोजिम अनुगमन र नियन्त्रण प्रणाली अवलम्बन गर्नुपर्ने छ ।

(२) दर्ता गर्ने अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने संस्थाको तोकिएबमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्ने छ ।

(३) उपदफा (२) बमोजिम संस्थाको निरीक्षण तथा अनुगमनका लागि दर्ता गर्ने अधिकारीले आवश्यकताअनुसार अन्य निकायको सहयोग लिन सक्ने छ ।

(४) यस दफाबमोजिम गरिएको निरीक्षण तथा अनुगमनबाट दिएको सुझाब सम्बन्धित संस्थाले पालना गर्नुपर्ने छ ।

७४. वार्षिक प्रतिवेदन पेस गर्नुपर्ने : (१) दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र संस्थाको निरीक्षण सम्बन्धी एकीकृत वार्षिक प्रतिवेदन कार्यपालिकासमक्ष पेस गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू खुलाउनुपर्ने छ:-

(क) दर्ता भएका र सञ्चालनमा रहेका संस्थाको विवरण र सञ्चालनमा रहेका संस्थाको कारोबार,

(ख) अनुगमन गरिएका संस्थाको सङ्ख्या तथा आर्थिक कारोबारको विवरण,

(ग) संस्थामा सहकारी सिद्धान्त र यो ऐन, यस ऐनअन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था,

(घ) संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(ङ) संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,

(च) संस्थालाई नगरपालिकाबाट प्रदान गरिएको वित्तीय अनुदान तथा छुट सुविधाको सदुपयोगिताको अवस्था,

(छ) संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी तोकिएबमोजिमका विवरण,

(ज) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(झ) संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,

(ञ) संस्थामा रहेका कोषको विवरण,

(ट) संरक्षित पुँजी फिर्ता कोष वितरणको अवस्था,

(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरू,

(ङ) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ढ) संस्थाले सञ्चालन गरेको दफा १२ बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,

(ण) तोकिएबमोजिमका अन्य विवरण ।

७५. <u>आपसी सुरक्षण सेवा सञ्चालन सम्बन्धी व्यवस्था :</u> संस्थाले विमा समितिबाट स्वीकृत योजनाको सर्त बन्देजअनुसार आफ्ना सदस्यहरूको बालीनाली वा वस्तुभाउमा भएको क्षतिको निश्चित अंश पूर्ति गर्ने गरी आपसी सुरक्षण सेवा सञ्चालन गर्न सक्ने छ ।

७६. <u>स्थिरीकरण कोष सम्बन्धी व्यवस्था :</u> बचत तथा ऋण विषयगत संस्थाहरूले सम्भावित जोखिमबाट संरक्षणका लागि प्रचलित कानुनमा व्यवस्था भएबमोजिम खडा हुने स्थिरीकरण कोषमा सहभागी हुन सक्ने छन् ।

परिच्छेद – १७

<u>समस्याग्रस्त संस्थाको व्यवस्थापन</u>

७७. <u>संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिने :</u> (१) यस ऐनबमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्थामा देहायको अवस्था विद्यमान रहेको देखिएमा दर्ता गर्ने अधिकारीको सिफारिसमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रुपमा घोषणा गर्न सक्ने छ :-

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्थाले पूरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित सर्तबमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन, यस ऐनअन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था सञ्चालन भएको,

(ङ) संस्था दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा उल्लेखनीय रुपमा गम्भीर आर्थिक कठिनाइ भोगिरहेको,

(च) कुनै संस्थाले सदस्यको बचत रकम फिर्ता गर्नुपर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्थाका कम्तीमा पच्चिस सदस्यहरूले दर्ता गर्ने अधिकारीसमक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानुनबमोजिम गठन गरेको आयोग वा समितिले कुनै संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेमा वा त्यस्तो आयोग वा समितिमा परेको उजुरी सङ्ख्या, औचित्य समेतको आधारमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सक्ने छ ।

७८. <u>समस्याग्रस्त संस्थाको व्यवस्थापन समितिको गठन :</u> (१) दफा ७७ बमोजिम समस्याग्रस्त संस्था घोषणा भएकोमा त्यस्तो संस्थाको व्यवस्थापन सम्बन्धी कार्यका लागि तोकिए बमोजिमको व्यवस्थापन समितिको गठन गर्न दर्ता गर्ने अधिकारीले कार्यपालिका समक्ष सिफारिस गर्ने छ ।

(२) उपदफा (१) बमोजिम सिफारिस भई आएमा कार्यपालिकाले व्यवस्थापन समितिको गठन गर्न सक्ने छ ।

(३) उपदफा (२) बमोजिम गठित व्यवस्थापन समितिले समस्याग्रस्त संस्थाको पुनर्सञ्चालनका लागि सुधारात्मक र उपचारात्मक कार्यहरू गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम गठित व्यवस्थापन समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छ ।

(५) उपदफा (३) बमोजिम सुधारात्मक र उपचारात्मक कार्यहरूबाट समस्याग्रस्त संस्थाको पुनर्सञ्चालनको सम्भावना नभएमा विगठन वा दर्ता खारेजीका लागि कार्यपालिकालाई सिफारिस गर्नुपर्ने छ ।

(६) उपदफा (५) बमोजिम सिफारिस भएमा कार्यपालिकाले दर्ता गर्ने अधिकारीलाई संस्था विगठन वा दर्ता खारेजी प्रक्रियाका लागि निर्देशन दिन सक्ने छ ।

परिच्छेद – १८

कसुर, दण्ड जरिवाना तथा पुनरावेदन

७९. कसुर गरेको मानिने : (१) कसैले देहायको कुनै कार्य गरेमा यस ऐनअन्तर्गतको कसुर गरेको मानिने छ :-

(क) दर्ता नगरी वा खारेज भएको संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अङ्ग्रेजी रुपान्तरण राखी कुनै कारोबार, व्यवसाय, सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,

(ख) सदस्यको बचत यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम, विनियमबमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा,

(ग) तोकिएको भन्दा बढी रकम ऋण प्रदान गरेमा वा ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

(घ) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले संस्थाको सम्पत्ति, बचत वा सेयर रकम हिनामिना गरेमा,

(ङ) ऋण असुल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,

(च) समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलोमतोमा संस्थाको सेयर वा बचत रकम आफूखुसी परिचालन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

(छ) झुट्टा वा गलत विवरण पेस गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,

(ज) संस्थाले यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम, संस्थाको विनियम विपरीत लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

(झ) कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,

(ञ) धितोको अस्वाभाविक रुपमा बढी मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा,

(ट) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रुपमा बढाई बढी ऋण लिएमा वा दिएमा,

(ठ) कुनै व्यक्ति वा संस्थालाई एक पटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुने गरी सोही सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा,

(ड) संस्थाबाट जुन प्रयोजनका लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,

(ढ) संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटई वा उडाइ अर्कै अर्थ निस्कने व्यहोरा पारी मिलाई लेख्ने वा अर्को भिन्नै श्रेस्ता राख्ने जस्ता काम गरेबाट आफूलाई वा अरु कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानि नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा बेहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,

(ण) ऋणको धितोस्वरुप राखिने चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनका लागि मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याउने कार्य गरे वा गराएमा,

(त) संस्थालाई हानी नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानुनी लाभ वा हानि पुऱ्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,

(थ) कुनै संस्था वा सोको सदस्य वा बचतकर्ता वा तीमध्ये कसैलाई हानी नोक्सानी पुग्ने गरी लेखापरीक्षण गरे गराएमा वा लेखापरीक्षण गरेको झुट्टो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा ।

(२) यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम, निर्देशिका र संस्थाको विनियमको अधीनमा रही असल नियतले गरेको कुनै कारोबार, कामकारबाहीको सम्बन्धमा संस्थाका सञ्चालक वा पदाधिकारी र संस्थाका कर्मचारीले उपदफा (१) बमोजिमको कसुरको लागि व्यक्तिगत र सामूहिक रुपले जवाफदेही हुनुपर्ने छैन ।

तर बदनियत साथ गरिएको कार्यको कुनै बचाउ हुने छैन ।

८०. **सजाय :** (१) कसैले दफा ७९ को कसुर गरेमा देहायबमोजिमको सजाय हुने छ :-

(क) खण्ड (क), (ग), (ड) र (थ) को कसुरमा एक बर्षसम्म कैद र एक लाख रुपैँयासम्म जरिबाना,

(ख) खण्ड (ठ) को कसुरमा दुई वर्षसम्म कैद र दुई लाख रुपैँयासम्म जरिबाना,

(ग) खण्ड (ख) को कसुरमा बिगो बराबरको रकम जरिबाना गरी तीन वर्षसम्म कैद,

(घ) खण्ड (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ण) र (त) को कसुरमा बिगो भराई बिगोबमोजिम जरिबाना गरी देहायबमोजिमको कैद हुने छ :-

(१) दस लाख रुपैयाँसम्म बिगो भए एक वर्षसम्म कैद,

(२) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म बिगो भए दुई वर्षदेखि तीन वर्षसम्म कैद,

(३) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म बिगो भए तीन वर्षदेखि चार वर्षसम्म कैद,

(४) एक करोड रुपैयाँभन्दा बढी दस करोड रुपैयासम्म बिगो भए चार वर्षदेखि छ वर्षसम्म कैद,

(५) दस करोड रुपैंयाँभन्दा बढी एक अर्ब रुपैयाँसम्म बिगो भए छ वर्षदेखि आठ वर्षसम्म कैद,

(६) एक अर्ब रुपैयाँभन्दा बढी जतिसुकै रुपैयाँ बिगो भए पनि आठ वर्षदेखि दस वर्षसम्म कैद,

(ङ) खण्ड (ढ) को कसुरमा दस वर्षसम्म कैद ।

(२) दफा ७९ को कसुर गर्न उद्योग गर्ने वा त्यस्तो कसुर गर्न मद्दत पुऱ्याउने व्यक्तिलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुने छ ।

(३) दफा ७९ को कसुर गर्ने वा त्यस्तो कसुर गर्न मद्दत पुऱ्याउने कुनै निकाय संस्था भए त्यस्तो निकाय संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐनबमोजिम हुने सजाय हुने छ ।

८१. **जरिवाना हुने :** (१) दफा ८७ बमोजिम कसैको उजुरी परी वा संस्थाको निरीक्षण अनुगमन वा हिसाब किताबको जाँच गर्दा वा अन्य कुनै बेहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैँयासम्म जरिबाना गर्ने छ :-

(क) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियम र निर्देशिका विपरीत सदस्यसँग ब्याज लिएमा,

(ख) संस्थाले प्रदान गर्ने बचत र ऋणको ब्याजदरबीचको अन्तर छ प्रतिशतभन्दा बढी कायम गरेमा,

(ग) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल कर्जामा पुँजीकृत गरी सोको आधारमा ब्याज लगाएमा,

(घ) कुनै सदस्यलाई आफ्नो पुँजीकोषको तोकिएबमोजिमको प्रतिशतभन्दा बढी हुने गरी ऋण प्रदान गरेमा,

(ङ) संस्था दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतीत नभई ऋण लगानी गरेमा,

(च) प्राथमिक पुँजीकोषको पन्ध्र गुणा भन्दा बढी हुने गरी बचत सङ्कलन गरेमा,

(छ) सेयर पुँजीको पन्ध्र प्रतिशतभन्दा बढी सेयर लाभांश वितरण गरेमा,

(ज) संस्थाले आफ्नो कार्यक्षेत्र बाहिर गई कारोबार गरेमा वा गैर सदस्यसँग कारोबार गरेमा,

(झ) संस्थाले यो ऐन विपरीत कृत्रिम व्यक्तिलाई आफ्नो सदस्यता दिएमा ।

(२) उपदफा (१) मा लेखिएको बेहोराबाट कसैले देहायको कुनै कार्य गरेको दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रुपैयाँसम्म जरिबाना गर्न सक्ने छः-

(क) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम बमोजिम दिएको कुनै निर्देशन वा तोकिएको मापदण्डको पालना नगरेमा,

(ख) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम दिनुपर्ने कुनै विवरण, कागजात, प्रतिवेदन, सूचना वा जानकारी नदिएमा,

(ग) यस ऐनबमोजिम निर्वाचन नगरी समिति तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरू आफूखुसी परिवर्तन गरेमा

(घ) कुनै संस्थाले दफा ६ को उपदफा (४) बमोजिमको तोकिएको सर्त पालन नगरेमा,

(ङ) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत अन्य कार्य गरेमा ।

(३) उपदफा (१) वा (२) बमोजिमको जरिबाना गर्नुअघि दर्ता गर्ने अधिकारीले सम्बन्धित व्यक्ति वा संस्थालाई सफाइ पेस गर्न कम्तीमा पन्ध्र दिनको समयावधि दिनुपर्ने छ ।

८२. **रोक्का राख्ने :** (१) दर्ता गर्ने अधिकारीले सम्बन्धित संस्थालाई दफा ८१ बमोजिम जरिबाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो संस्थाको कारोबार, सम्पति तथा बैङ्क खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्थाको कारोबार, सम्पति वा बैङ्क खाता सम्बन्धित निकायले रोक्का राखी सो को जानकारी दर्ता गर्ने अधिकारीलाई दिनुपर्ने छ ।

८३. **दोब्बर जरिबाना हुने :** दफा ८१ बमोजिम जरिबाना भएको व्यक्ति वा संस्थाले पुन: सोही कसुर गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई दर्ता गर्ने अधिकारीले दोस्रो पटकदेखि प्रत्येक पटकका लागि दोब्बर जरिवाना गर्ने छ ।

८४. **अनुसन्धान र छानबिन गर्ने :** (१) दर्ता गर्ने अधिकारी यस ऐनबमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा ७९ उपदफा (१) बमोजिमको कसुर गरेको थाहा पाएमा कार्यपालिकालाई जानकारी गराउनुपर्दछ ।

(२) उपदफा (१) बमोजिम त्यस्तो कसुरका सम्बन्धमा कार्यपालिकालाई जानकारी भएपछि कार्यपालिकाले अनुसन्धान अधिकृत वा अनुसन्धान र छानबिन समिति गठन गरी कसुरको अनुसन्धान र छानविन गराउने छ ।

(३) उपदफा (२) बमोजिमको अनुसन्धान अधिकृत वा अनुसन्धान र छानविन समितिबाट प्राप्त प्रतिवेदनको आधारमा दफा ८० बमोजिमको सजाय हुने देखिएमा दफा ८५ बमोजिमको मुद्दासम्बन्धी व्यवस्था सम्बन्धित निकायमा लेखी पठाउन सक्ने छ ।

८५. **मुद्दासम्बन्धी व्यवस्था :** दफा ८० बमोजिम सजाय हुने कसुरको मुद्दा सम्बन्धी व्यवस्था सङ्घीय कानुन बमोजिम हुने छ ।

८६. **मुद्दा हेर्ने अधिकारी :** दफा ८० बमोजिमको सजाय हुने कसुर सम्बन्धी मुद्दाको कारबाही र किनारा जिल्ला अदालतबाट हुने छ ।

८७. **उजुरी दिने हदम्याद :** (१) कसैले दफा ८० बमोजिमको सजाय हुने कसुर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले तीस दिनभित्र दर्ता गर्ने अधिकारी समक्ष उजुरी दिनुपर्ने छ ।

(२) कसैले दफा ८१ बमोजिम जरिबाना हुने कार्य गरेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले तीस दिनभित्र दर्ता गर्ने अधिकारीसमक्ष उजुरी दिनुपर्ने छ ।

८८. **पुनरावेदन गर्न सक्ने :** (१) दफा ७ बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ६६ बमोजिम संस्था दर्ता खारेज गरेकोमा चित्त नबुझ्ने सो निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र दर्ता गर्ने अधिकारीको निर्णयउपर कार्यपालिकासमक्ष पुनरावेदन गर्न सक्ने छ ।

(२) दफा ८१ बमोजिमको जरिबानामा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र देहायबमोजिम पुनरावेदन गर्न सक्ने छ:

(क) दर्ता गर्ने अधिकारीले गरेको निर्णयउपर कार्यपालिकामा,

(ख) कार्यपालिकाले गरेको निर्णयउपर सम्बन्धित जिल्ला अदालतमा ।

८९. **असुल उपर गरिने :** यस परिच्छेदबमोजिम कुनै व्यक्तिले तिर्नुपर्ने जरिबाना वा कुनै रकम नतिरी बाँकी रहेकोमा त्यस्तो जरिबाना वा रकम निजबाट सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

परिच्छेद – १९
विविध

९०. **मताधिकारको प्रयोग :** कुनै सदस्यले संस्थाको जतिसुकै सेयर खरिद गरेको भएता पनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्ने छ ।

९१. **सामाजिक परीक्षण गराउन सक्ने :** (१) संस्थाले विनियममा उल्लिखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरूले प्राप्त गरेका सेवा र सन्तुष्टिको स्तर, सेवा प्राप्तिबाट सदस्यहरूको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा तोकिएबमोजिम सामाजिक परीक्षण गराउन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलका लागि समितिले साधारण सभासमक्ष पेस गर्ने छ ।

(३) उपदफा (२) बमोजिम पेस भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारण सभाले आवश्यकताअनुसार समितिलाई निर्देशन दिन सक्ने छ ।

(४) यस दफा बमोजिमको सामाजिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित संस्थाले दर्ता गर्ने अधिकारीसमक्ष पेस गर्नुपर्ने छ ।

९२. **सहकारी शिक्षा :** सहकारी क्षेत्रको प्रवर्धनका लागि विद्यालय तहको पाठयक्रममा आधारभूत सहकारी सम्बन्धी विषयवस्तुलाई समावेश गर्न सकिने छ ।

९३. **आर्थिक सहयोग गर्न नहुने :** संस्थाको रकमबाट समितिको निर्णयबमोजिम सदस्यहरूका लागि मात्र आर्थिक सहयोग प्रदान गर्न सकिने छ ।
तर सामाजिक कार्यका लागि गैर सदस्य व्यक्ति वा संस्थाहरुलाई समेत आर्थिक सहयोग गर्न बाधा पर्ने छैन ।
स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि 'सामाजिक कार्य' भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता, सहकारिता प्रवर्धन सम्बन्धी कार्यलाई जनाउँछ ।

९४. **अन्तर सहकारी कारोबार गर्न सक्ने :** (१) संस्थाहरुले तोकिएबमोजिम एक आपसमा अन्तर सहकारी कारोबार गर्न सक्ने छन् ।

(२) अन्तर सहकारी कारोबार सम्बन्धी प्रक्रिया तोकिएबमोजिम हुने छ ।

९५. **ठेक्कापट्टा दिन नहुने :** संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई ठेक्कापट्टा दिनुहुँदैन ।

९६. **सरकारी बाँकी सरह असुल उपर हुने :** कुनै संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरुपयोग गरेको पाइएमा प्रचलित कानुनबमोजिम सरकारी बाँकी सरह असुल उपर गरिने छ।

९७. **कम्पनी सम्बन्धी प्रचलित ऐन लागु नहुने :** यस ऐनअन्तर्गत दर्ता भएको संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागु हुने छैन ।

९८. **प्रचलित कानुन बमोजिम कारबाही गर्न बाधा नपर्ने :** यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्तिउपर प्रचलित कानुनबमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन ।

९९. **असल नियतले गरेको कुनै काम कारबाहीको बचाउ :** (१) यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम र निर्देशिकाको, अधीनमा रही असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा कार्यपालिका सदस्य र कार्यालयको कर्मचारी व्यक्तिगत र सामूहिक रुपले जवाफदेही हुने छैनन् ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम र निर्देशिकाका अधिकारहरूको बदनियतपूर्ण प्रयोग गर्ने कार्यालयको कर्मचारीलाई प्रचलित कानुनबमोजिम विभागीय कारबाही गर्न यस दफाले बाधा गर्ने छैन ।

१००. **सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानुनी व्यवस्थाको पालना गर्नुपर्ने :** संस्थाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सङ्घीय र प्रदेश कानुनमा भएका व्यवस्थाका साथै तत् सम्बन्धमा मन्त्रालयले जारी गरेको मानदण्ड र नेपाल राष्ट्र बैङ्कको वित्तीय जानकारी एकाइबाट जारी भएका निर्देशिकाहरूको पालना गर्नुपर्ने छ ।

१०१. **प्रोत्साहन गर्न सकिने :** सहकारी क्षेत्रको प्रवर्धनका लागि उल्लेखनीय योगदान गर्ने व्यक्ति, संस्था वा अन्य निकायलाई कार्यपालिकाले प्रोत्साहन गर्न सक्ने छ ।

१०२. **जिम्मेवार र जवाफदेही हुनपर्ने :** सहकारी संस्थाको कारोबारमध्ये आफू संलग्न कार्यमा संस्थाको कार्यकारी प्रमुख वा व्यवस्थापक सञ्चालक सरह जिम्मेवार र जवाफदेही हुनुपर्ने छ ।

१०३. **पर्ल्स सूचकको प्रयोग गर्नुपर्ने :** सहकारी संस्थाले आफ्नो वित्तीय कारोवारको पर्ल्स सूचकको प्रयोग गरी मूल्याङ्कन र अद्यावधिक गर्दै लैजानुपर्ने छ ।

१०४. **यस ऐनको पालना र स्वीकृति लिनुपर्ने :** (१) नगरपालिकामा कार्यक्षेत्र बिस्तार गरी सञ्चालनमा रहेका संस्थाले यस ऐनको पालना गर्नुपर्ने छ ।

(२) यो ऐन जारी भएपछि अर्को स्थानीय तहमा दर्ता भएको सहकारी संस्थाले नगरपालिकामा कार्य क्षेत्र विस्तार गर्न दर्ता गर्ने अधिकारीबाट तोकिएबमोजिम अनुमति लिनुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम अनुमति नलिई नगरपालिकामा कार्य क्षेत्र विस्तार गर्न पाईने छैन ।

१०५. **विनियममा उल्लेख हुनुपर्ने विषयहरू :** (१) सहकारी संस्थाको विनियमावलीमा देहायका कुराहरु उल्लेख भएको हुनुपर्ने छ :-

(क) प्रस्तावित सहकारीको नाम,

(ख) सहकारीको कार्यालय रहने ठेगाना,

(ग) सहकारीको उदेश्य,

(घ) सहाकारीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु,

(ङ) सहकारीको विषयगत क्षेत्र र प्रकृति,

(च) तोकिएबमोजिमका अन्य आवश्यक कुराहरु ।

(२) सहकारी संस्थाको विनियम यो ऐन, यस ऐनअन्तर्गत बनेका नियम र निर्देशिकासँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुने छ ।

(३) विनियमावलीको ढाँचा तोकिएबमोजिम हुने छ ।

१०६. **नियम, निर्देशिका बनाउने अधिकार :** (१) यस ऐनको कार्यान्वयनका लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्ने छ ।

(२) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको अधीनमा रही संस्थाको दर्ता, सञ्चालन, निरीक्षण तथा अनुगमनलगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यपालिकाले आवश्यकताअनुसार निर्देशिका बनाई लागु गर्न सक्ने छ ।

(३) उपदफा (१) र (२) बमोजिम नियम, निर्देशिका बनाउँदा आवश्यकताअनुसार सम्बन्धित अन्य निकाय र सरोकारवालाहरूको परामर्श लिन सकिने छ ।

१०७. **खारेजी र बचाउ :** (१) यसअघि प्रचलित कानुनबमोजिम भए गरेका काम कारबाही यसै ऐनबमोजिम भएको मानिने छ ।

(२) यो ऐन प्रचलित सङ्घीय र सम्बन्धित प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुने छ ।

अनुसूची १

मिति : २०... । ... । ...

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

नगर कार्यपालिकाको कार्यालय,

भीमेश्वर नगरपालिका,

चरिकोट, दोलखा।

विषय : सहकारी संस्था दर्ता सम्बन्धमा ।

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौँ । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेस गरेका छौँ ।

संस्थासम्बन्धी विवरण

(क) प्रस्तावित संस्थाको नाम :

(ख) ठेगाना :

(ग) उद्देश्य :

(घ) मुख्य कार्य :

(ङ) कार्यक्षेत्र :

(च) दायित्व :

(छ) सदस्य सङ्ख्या :

(१) महिला ..... जना

(२) पुरुष ..... जना

(ज) प्राप्त सेयर पुँजीको रकम : रु. ....

(झ) प्राप्त प्रवेश शुल्कको रकम : रु. .....

अनुसूची २

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चरिकोट, दोलखा

सहकारी दर्ता प्रमाण–पत्र

दर्ता नं. :

भीमेश्वर नगरपालिका सहकारी ऐन, २०७४ को दफा ६ को उपदफा (१) बमोजिम श्री ... ... लाई सीमित दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियमसहित यो प्रमाण–पत्र प्रदान गरिएको छ ।

वर्गीकरण : ... ...

दर्ता गरेको मिति : .....

दर्ता गर्ने अधिकारीको दस्तखत : .....

दर्ता गर्ने अधिकारीको नाम : .....

कार्यालयको छाप : .....

आज्ञाले,

शंकर नेपाल

प्रमुख प्रशासकीय अधिकृत